म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १३० बुधबार ४ पुस २०८० ने. सं. ११४४ थिल्लाथ्व 20 December 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## भन्सार छली ल्याएको प्याज र कपडा बरामद

हेटौंडा, ३ पुस/हेटौंडाबाट प्रहरीले अवैध रुपमा भन्सार छलेर ल्याइएको प्याज र कपडा बरामद गरेको छ । हेटौंडा उपमहागनर पालिका-१५ रातोमाटेबाट १ दशमलव २ टन प्याज र थानको कपडा २३ पोका बरामद गरिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । पूर्वपश्चिम राजमार्गअन्तर्गत सर्लाहीबाट काठमाडौं जाँदै गरेको म.प्र.०३-००१ च ७७८० नम्बरको बोलेरो गाडीबाट प्याज र रौतहटबाट काठमाडौं जाँदै गरेको प्रदेश २-०३-००१च ५६९१ नम्बरको योद्धा गाडीबाट कपडा बरामद गरिएको प्रहरीले जनाएको छ । प्याज र कपडाको खरिद बिल नभएको कारण नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार प्याजको बजार मूल्य ५५ हजार ८०० र कपडाको २ लाख ८७ हजार २५७ रुपैयाँ रहेको छ । प्याज, कपडा र गाडी प्रहरीको नियन्त्रणमा रहेको छ ।

# मकवानपुर क्याम्पसलाई विश्वविद्यालय बनाउने सरकारको निर्णय

भानुभक्त आचार्य

हेटौंडा, ३ पुस/बागमती प्रदेश सरकारको मंगलबार बसेको मन्त्रीपरिषद् बैंठकले मकवानपुर बहुमुखी क्याम्पसलाई प्रादेशिक विश्वविद्यालय बनाउने निर्णय गरेको छ । प्रदेश सरकारले प्रदेशको शैक्षिक विकासका लागि प्रादेश सार्वजनिक विश्वविद्यालय स्थापना गर्नका लागि संरचना तयार गर्न अनुमति प्रदान गर्ने निर्णय मन्त्रीपरिषद्ले गरेको प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री युवराज दुलालले बताए ।

बागमती प्रदेश सरकारको मन्त्रीपरिषद् बैठकले हेटौंडा उपमहानगरपालिका-२ मा रहेको मकवानपुर बहुमुखी क्याम्पसलाई प्रदेशको सार्बजानिक विश्वविद्यालय बनाउने निर्णय गरेको हो । मन्त्रिपरिषद्ले विश्वविद्यालय बनाउने निर्णय गरेको प्रदेशका मुख्यमन्त्री शालिकराज जम्मकट्टेलले जानकारी दिएका छन् । केहीदिन भित्र आफूहरु र मकवानपुर क्याम्पस सञ्चालक समितिबीच संयुक्त बैठक बस्ने र छलफलबाट काम अगाडि बढाउने उनले बताए । मकवानपुर बहुमुखी क्याम्पस नेपालका उत्कृष्ठ १० सामुदायिक क्याम्पस भित्र पर्छ ।

विश्वविद्यालय स्थापनाका लागि क्याम्पस सञ्चालक समितिसँग छलफल गरी विश्वविद्यालयको कार्यालय स्थापना गर्ने चरणमा आफूहरु रहेको मुख्यमन्त्री जम्मकट्टेलले बताएका छन् । प्रदेश सरकारको निर्णयले मकवानपुर बहुमुखी क्याम्पसलाई विश्वविद्यालयको रुपमा विकास गर्न ढोका खुलेको छ । करिब ७ हजार विद्यार्थी अध्ययन



गरिरहेको मकवानपुर बहुमुखी क्याम्पससँग रहेको भवन, जग्गा जमिन, भौतिक संरचना विश्व विद्यालयका लागि अपुग हुने भएकोले क्याम्पसले फराकिलो जग्गा खोजी गरिरहेको छ ।

हेटौंडा उपमहानगरको वडा नं. ११ सरस्वती तल्लोतालस्थित नदीउकास जग्गामा विश्वविद्यालयका लागि आवश्यक पर्ने थप संरचना निर्माणका लागि जग्गा उपलब्ध गराउने बिषयमा छलफल भइरहेको क्याम्पस प्रमुख शंकरप्रसाद उपाध्यायले साझाकुरालाई बताए । राप्तीकिनारमा रहेको नदीउकास जग्गा तटबन्ध गरी विश्वविद्यालयलाई उपलब्ध गराउने बिषयमा छलफल भइरहेको वडाअध्यक्ष जुना दाहालले बताइन् । विश्वविद्यालयलाई जग्गा अपुग भयो भने यही जग्गासँग जोडिएको हेटौंडा-३ बसामाडीको नदीउकास जग्गा पनि पर्याप्त रहेको बताइएको छ ।

विश्वविद्यालयका लागि भबिश्यसम्म फराकिलो जग्गा आवश्यक पर्ने भएकोले बागमती गाउँपालिकामा पनि खोजी भइरहेको बताइएको छ । बागमती गाउँपालिका अध्यक्ष सर्केश घलानले पनि फापर बारी क्षेत्रमा विश्वविद्यालयका लागि उपयुक्त जग्गा पर्याप्त रहेको बताएका छन् । विश्वविद्यालयलाई आवश्यक पर्ने जग्गा स्थानीय तहले ब्यवस्थापन गर्न सक्ने गरी प्रदेश सरकारले कार्यबिधि निर्माण गरी पारित गरिसकेको छ । त्यही आधारमा स्थानीय तहले विश्वविद्यालयलाई आवश्यक जग्गा उपलब्ध गराउन सक्ने क्याम्पस प्रमुख उपाध्यायले जानकारी दिए ।

प्रदेश सरकारले प्रादेशिक विश्वविद्यालय स्थापनाका लागि केही समय अघिदेखि गृहकार्य गरिरहेको थियो । प्रथम मुख्यमन्त्री डोरमणि पौडेलको नेतृत्वमा प्रदेशको राजधानीमा रहेको सामुदायिक क्याम्पस मकवानपुर बहुमुखी क्याम्पसलाई विश्वविद्यालयको रुपमा अघि बढाउनको लागि पाँच सदसीय समिति निर्माण गरेको थियो । समितिले पटकपटकको छलफल जारी राखेको छ ।

क्याम्पसका पूर्वअध्यक्ष समेत रहेको पौडेलेको समितिमा क्याम्पसका पूर्वअध्यक्षहरु माइकल रामचन्द्र अर्याल, संविधानसभा सदस्य प्रल्हाद लामिछाने, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान रहेको समिति निर्माण भएको थियो । समितिको सदस्य सचिवमा क्याम्पसका सहायक क्याम्पस प्रमुख डा. यम सिलवाल रहेका थिए ।

हेटौंडामा भएको क्याम्पस सञ्चालक समिति तथा सरोकार वालाको बैठकले प्रदेशको राजधानीमा विश्वविद्यालयको आवश्यकता रहेको र प्रदेश सरकारले पनि प्रदेश विश्वविद्यालयको अवधारणालाई प्राथमिकताको साथ अघि बढाएको भन्दै मकवानपुर बहुमुखी क्याम्पसलाई नै विश्वविद्यालयको रुपमा अघि बढाउने गरी काम गर्न समिति निर्माण गरिएको थियो ।

### प्रदेश मन्त्रीपरिषद्को ४ वटा निर्णय

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलको अध्यक्षतामा मंगलबार बसेको मन्त्रीपरिषद् बैठकले चारवटा महत्वपूर्ण निर्णय गरेको छ । प्रदेश निजामति सेवा नियमावली मस्यौदा परामर्शका लागि प्रदेश लोकसेवा आयोगमा पठाउन स्वीकृति प्रदान गर्ने मन्त्री परिषद्ले निर्णय गरेको छ ।

बागमती प्रदेश सरकारले प्रदेशको शैक्षिक विकासका लागि प्रादेशिक सार्वजनिक विश्वविद्यालय स्थापना गर्नका लागि संरचना तयार गर्न अनुमति प्रदान गर्ने निर्णय मन्त्रीपरिषदले गरेको भौतिक पूर्वाधार विकास मन्त्री युवराज दुलालले बताए । प्रदेश सरकारले प्रादेशिक विश्वविद्यालय स्थापनाका लागि गृहकार्य गरिरहेको थियो ।

मन्त्रीपरिषद् बैठकले बागमती प्रदेशका मुख्यमन्त्री कार्यालय तथा स्वास्थ्य मन्त्रालयको संगठन संरचना र दर्बन्दी स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ । त्यस्तै स्वास्थ्य मन्त्रालयतर्फको स्थानीय तहमा रहेका स्वास्थ्य संस्थाहरुको रिक्तदर्बन्दी पदपूर्ति गर्न प्रदेश लोकसेवा आयोगलाई अनुमति दिने निर्णय गरेको मन्त्री दुलालले बताए ।

## अध्यक्ष कप फुटबलको फाइनलमा २ र ७ नम्बर वडा

साझाकुरा संवाददाता

हेटौंडा, ३ पुस/मनहरी गाउँपालिका अध्यक्ष कप फुटबल प्रतियोगिताको सेमिफाइनल खेलबाट २ र ७ नम्बर वडा विजयी हुँदै फाइनलमा प्रवेश गरेका छन् । मंगलबार भएको खेलमा यी दुई टिमले विजयी हासिल गरेका हुन् ।

पहिलो खेल २ नम्बर वडा र ६ नम्बर वडाबीचमा र हेको थियो । पहिलो खेलमा २ नम्बर वडा र ६ नम्बर वडाबीच १-१ गोलको बराबरीमा खेल सक्किएपछि खेल पेनाल्टी शुटआउटमा गएको थियो । २ नम्बर वडाका पाँचै जना खेलाडीले गोल गर्न सफल हुँदा ६ नम्बर वडाका दुई जना खेलाडीले भने गोल गर्न सकेनन् । सोही अनुरुप वडा नम्बर २ विजयी भएको थियो । पहिलो खेलमा वडा नम्बर २ का गोलकिपर अशोक मोक्तान म्यान अफ दी म्याच हुन सफल भए ।

दोस्रो सेमिफाइनल खेल ७ नम्बर वडा र ८ नम्बर वडाबीच भएको थियो । यो खेलमा ८ नम्बर वडालाई ०-१ गोल अन्तरले पराजित गर्दै ७ नम्बर वडा विजयी भएको हो । खेलको पहिलो हाफमै ७ नम्बर वडाले गोल गर्न सफल भएको थियो । सोही गोल नै ७ नम्बर वडाका लागि जित हासिल गर्न निर्णायक बन्यो । ७ नम्बर वडाका लागि खेलको २३ औं मिनेटमा रवि लोले गोले गरे । पुस ५ गते दिउँसो १ बजे हुने फाइनल खेलमा वडा नम्बर २ र ७ नम्बर वडाले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् ।

गाउँपालिकाको प्रायोजन तथा गाउँ खेलकुद विकास समितिको आयोजनामा भएको खेलमा प्रथम हुने टिमलाई नगद १ लाख र दोस्रो हुनेलाई नगद ५० हजारसहित दुबै टिमलाई शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ । साथै विभिन्न विधाका खेलाडीहरु र राष्ट्रियस्तर का खेलाडीलाई नगदसहित सम्मान गरिने कार्यक्रम रहेको आयोजकले जानकारी दिएको छ ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरूः

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

## ३ सय ३० विद्यार्थीलाई शैक्षिक सामग्री

साझाकुरा संवाददाता

हेटौंडा, ३ पुस/मकवानपुरको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयमा अध्ययनरत् विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरिएको छ ।

पालिकाअन्तर्गतका सामुदायिक विद्यालयका ३ सय ३० जना विद्यार्थीलाई सामग्री वितरण गरिएको हो । वडा नम्बर ४ झुरझुरेस्थित महाबुद्ध आधारभूत विद्यालयमा आयोजित कार्यक्रमबाट विद्यार्थीलाई विद्यालय पोशाक, झोला र स्टेशनरी सामग्री वितरण गरिएको सामाजिक विकास संयोजक कमानसिं पाख्रिनले जानकारी दिए ।

शिक्षा विकास निर्देशनालय बागमती प्रदेश र बागमती गाउँपालिका बीच गत आर्थिक वर्ष २०७९/८० मा अनिवार्य तथा नि:शुल्क शिक्षा कार्यान्वयन सम्बन्धमा भएको सम्झौता अनुरुप विद्यालय बाहिर रहेको बालबालिकालाई पहिचान गरी विद्यालयमा भर्ना गरी ती बालबालिकालाई नियमित पठनपाठनका लागि आवश्यक पर्ने ५ हजार २ सय बराबरको स्टेशनरी सामग्री, विद्यालय पोशाक र झोला वितरण गरेको पालिका अध्यक्ष सर्केश घलानले जानकारी दिए ।

यसैगरी, वडा कार्यालय र विद्यालयबाट सिफारिस गरिएका विशेष आवश्यक सहयोग गर्नुपर्ने बालबालिकालाई ५ हजार २ सय ५० रुपैयाँ बराबरको स्टेशनरी सामग्री, पोशाक र झोला वितरण गरेको अध्यक्ष घलानले बताए ।

## बसपार्कबाट लागुऔषधसहित युवक पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ३ पुस/जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडा उपमहानगरपालिका-१० बसपार्कबाट लागुऔषध खैरो हेरोइन सहित एकजना युवकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा हेटौंडा-१२ पदमपोखरी बस्ने ३४ बर्षीय र बिकुमार तामाङ रहेका छन् । प्रहरीचौकी बसपार्कमा खटिएको प्रहरीटोलीले सोमबार दिउँसो १ ग्राम लागूऔषध खैरोहेरोइन सहित तामाङलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । पक्राउ परेका तामाङमाथि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

ENTRANCE EXAMINATION
FOR THE ADMISSION TO:

MBS Master of Business Studies

ENTRANCE EXAM APPLICATION FORM DEADLINE
POUSH 06, 2080



Hetauda School of Management and Social Sciences

"कडा अनुशासन, स्तरीय शिक्षा"

Hetauda-4 057524701, 9855074222 www.hsm.edu.np

ACCREDITED BY UNIVERSITY GRANTS COMMISSION (UGC), NEPAL (2023)

साझाकुरा

## हाम्रो कुरा

# स्वास्थ्य र शिक्षामा स्थानीय सरकारको लगानी

हेटौंडा उपमहानगरको कोर नगरक्षेत्र बाहेक ग्रामीणक्षेत्रमा शिक्षा र स्वास्थ्यमा लगानी बढाउनु पर्ने देखिएको छ । नगरको बासिन्दा भनिरहँदा तिनीहरु विकासको मूलप्राहमा समेटिन सकेका छैनन् । हेटौंडा-१ को ध्याङसिंटार, बाँफोडाँडा (जेसीजगाउँ) घट्टेडाँडा, लेकपानी, हेटौंडा-१९ को डुमारे, कुवापानी, ज्यामिरे क्षेत्रमा बसोवास गर्ने नगरवासीले नगरको अनुभूति गर्न अझै समय कुर्नुको बिकल्प छैन । आफूहरुको बस्ती नगरपालिकामा समेटिने खवरले उनीहरुमा जति उत्साह देखिन्थ्यो त्यो अहिले निराशामा परिणत भएको छ । शिक्षा, स्वास्थ्य, यातायात, संचार, खानेपानी, विद्युत, सिंचाई जस्ता विकासका पूर्वाधार पुर्‍याउनका लागि उपमहानगरले प्रयास नगरेको भने होइन । तर, भौगोलिक बिकटताकै कारण विकासका पूर्वाधारको पहुँचबाट यहाँका बासिन्दा निकै टाढा रहेका छन् । झट्ट हेर्दा उपमहानगरका बासिन्दा तर, सेवासुविधाको दृष्ट्रिकोणले बिकट ग्रामीण क्षेत्र । केही समयअघिमात्र सडक सुबिधा पुगेका यो बस्तीमा हिउँदमा यातायातका साधन चलेपनि झरी पर्न थालेपछि सडक सम्पर्क बिच्छेद हुने गरेको छ ।

आधारभूत तहको शिक्षा आर्जन गरेपछि बालबालिकालाई माध्यमिक तहको अध्ययनका लागि अझै पनि सहरमा डेरा भाडामा लिएर बस्नुपर्ने अवस्था छ । सानोतिनो बिरामी पर्दा पनि एम्बुलेन्स उपलब्ध हुन नसक्दा झोलुङ्गो वा स्ट्रेचरको सहारामा बजारको अस्पतालमा पुर्‍याउनुपर्ने अवस्था छ । संचारको पहुँचबाट पनि उनीहरु पछाडि नै छन् । सोमबार नकौली स्वास्थ्यचौकीको उद्घाटन भएपछि प्राथमिक स्वास्थ्यको सुबिधा अबका दिनमा गाउँमै पाउँने कुरामा स्थानीबासी आशाबादी भएका छन् । अब यो क्षेत्रको विकासको गति बिस्तारै अघि बढ्ने बिश्वास उनीहरुले गरेका छन् । उपचारको अभाबका कारण ठुलो समस्या रहँदै आएको थियो, अब प्राथमिक स्वास्थ्यउपचार स्वास्थ्यचौकीबाट पाउनेमा स्थानीय आशाबादी भएका हुन् । थप सुबिधाहरु बिस्तार गर्दै लैजानुपर्ने उनीहरुले माग गरेका छन् । स्वास्थ्य समस्या झेल्दै आएका हेटौंडा-१, ३ र १९ वडाको बिकटका बस्तीमा केही आशाको दियो बल्न थालेको छ । सामान्य सिटामोल किन्न समेत लामो समय खर्चेर हेटौंडा बजारसम्म धाउँनुपर्ने बाध्यतामा रहेको स्थानीय गाउँमै स्वास्थ्यचौकी उद्घाटन भएपछि खुशी भएका छन् । हेटौंडा उपमहानगरपालिकाले बिकट क्षेत्रका बासिन्दालाई लक्षित गरी निर्माण गरेको स्वास्थ्यचौकीको उद्घाटन भएपछि उनीहरु खुशी भएका हुन् । सिटामोल किन्न समेत हेटौंडा बजारसम्म जानुपर्ने बाध्यता थियो, स्वास्थ्यचौकीको उद्घाटनसँगै गाउँमै सुविधा पाएपछि स्थानीयमा खुशियाली छाएको छ । स्वास्थ्यचौकीका लागि पूर्वाधार निर्माण भएपनि खानेपानीको अभावका कारण स्वास्थ्यचौकीबाट सेवाप्रबाह गर्न समस्या रहँदै आएको थियो । उपमहानगरले नकौली आधारभूत सहरी स्वास्थ्यचौकीबाट सेवाप्रवाह सुरु गरेको हो ।

उपमहानगरको स्वास्थ्य शाखाले गत वर्षबाट नियमित सेवा दिने व्यवस्था मिलाएको थियो । उपमहानगरपालिका-१ को ध्याङसिंटार, बाँफोडाँडा, घट्टेडाँडा, लेकपानी सहित हेटौंडा-३ को डुमारे, कुवापानी क्षेत्रमा बसोवास गर्ने नगरवासीले सुबिधा पाउँने भएपछि स्थानीयले खुशी ब्यक्त गरेका छन् । अब यो क्षेत्रको विकासको गति बिस्तारै अघि बढ्ने बिश्वास उनीहरुको छ । अब न्यूनतम आवश्यकता स्वास्थ्यचौकीबाट पूरा हुने भन्दै थप सुबिधाहरु बिस्तार गर्दै लैजानुपर्ने स्थानीयको माग छ । उपमहानगरले मात्र होइन सबै स्थानीय सरकारले स्वास्थ्य र शिक्षामा लगानी बढाउनु जरुरी छ । बिशेष गरी बालबालिकामा लगानी बढाउन सकेको अण्डमा मात्र सुखी नेपाली समृद्ध नेपालको परिकल्पना साकार हुन सक्छ । नारामा मात्र समृद्धि खोज्ने अभ्यासको अन्त्य गरी ग्रामीण क्षेत्रलाई नगरको मूल प्रबाहमा ल्याउने अभियानमा सबै जनप्रतिनिधिले काम गर्नुको बिकल्प छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० पुस ५ गते बिहीबार, २१ डिसेम्बर २०२३ । नवमी, मार्ग शुक्लपक्ष । थिलाथ्व ११४४ ने.सं. । सूर्योदय ६:५१, सूर्यास्त ५:११ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : लेनदेनमा विवाद हुनेछ | **तुला** | : दाम्पत्य जीवन सुखद बन्नेछ |
| **वृष** | : धार्मिक कार्यले फाइदा हुनेछ | **वृश्चिक** | : आम्दानी राम्रो हुनेछ |
| **मिथुन** | : मन खिन्न बनाउन सक्छ | **धनु** | : आतिथ्यपूर्ण सम्मान पाइनेछ |
| **कर्कट** | : दिन उत्साहपूर्ण बन्नेछ | **मकर** | : प्रेमको बन्धन कसिन सक्नेछ |
| **सिंह** | : नयाँ ज्ञान सिक्ने अवसर मिल्नेछ | **कुम्भ** | : चुनौतीहरु देखा पर्न सक्नेछ |
| **कन्या** | : व्यावसायिक यात्राको सम्भावना छ | **मीन** | : व्यवसायमा सामान्य फाइदा हुनेछ |

# राष्ट्रिय सभा निर्वाचनमा बिर्सनै नहुने केही विषय



खिमलाल देवकोटा

निर्वाचन आयोगले राष्ट्रिय सभा निर्वाचनको मिति निर्धारण गरिसकेको छ । सो निर्वाचनको प्रयोजनका लागि दल दर्ता र दलहरूले निर्वाचन चिफन प्राप्त गर्ने काम पनि सम्पन्न भइसकेको छ । पुस २३ गते मनोनयन दर्ता र माघ ११ गते निर्वाचन सम्पन्न हुनेछ । आगामी फागुन २० गते राष्ट्रिय सभामा आफ्नो कार्यकाल समाप्त गरी रिक्त हुने २० पदका लागि हुने सो निर्वाचनमा नेकपा एमालेका ८, नेपाली कांग्रेसका ४, माओवादी केन्द्रका ३, समाजवादी पार्टीका १ र राष्ट्रपतिबाट मनोनित २ स्थान रिक्त हुने भएपछि सो निर्वाचन हुन लागेको हो ।

कुल ५९ जना सदस्य संख्या रहेको राष्ट्रिय सभामा हरेक दुई वर्षमा एक तिहाइ सदस्यको स्थान रिक्त हुने हुँदा हरेक दुई वर्षमा नै सो निर्वाचन सम्पन्न गर्नु परेको हो । गरिमा खस्कँदै गएको सभा र केही बेरोजगारलाई रोजगारी दिने सभाका रूपमा बदलिँदै गएको राष्ट्रिय सभाको सोही निर्वाचनका बारेमा केही ध्यान दिनुपर्ने कुराका बारेमा चर्चा गर्ने यो आलेखको आशय रहेको छ ।

**प्रौढ सभा**

राष्ट्रिय सभा अनुभवले खारिएका मानिसहरूको सभा हो भन्ने अर्थमा यसलाई प्रौढ सभा भनिएको हो । खासगरी संसदीय पद्धतिको हिमायती बेलायतले हाउस अफ लर्डको व्यवस्था गरेको र सोही व्यवस्थावाट प्रभावित भई प्राय: संसदीय पद्धति अवलम्बन गरेका मुलुकहरूमा उपल्लो सदनका रूपमा राष्ट्रिय सभालाई लिने गरिन्छ ।

प्रौढ भनेको उमेरले बुढाबुढीको मात्रै कुरा नभएर राजनीतिमा परिपक्वता हासिल गरेका मानिसहरूको समूहका रूपमा यसलाई लिने गरिन्छ । राजनीतिक परिपक्वताका कारणले देश र जनताका पक्षमा निर्णय गर्ने कुरामा हेक्का रहोस् भन्ने हेतुले यो सभाको व्यवस्था गरिएको हो । त्यसैले राष्ट्रिय सभाको निर्वाचनका सन्निकटमा रहेका राजनैतिक दलहरूले यो सभाको गरिमालाई ख्याल गर्ने गरी उम्मेदवारको चयन गर्न जरूरी छ ।

**करेक्सन सभा**

राष्ट्रिय सभालाई प्रतिनिधिसभाको निर्णयलाई करेक्सन गर्नेसम्मको अख्तियारी हुने हुनाले यो सभालाई करेक्सन सभाका रूपमा पनि लिने गरिन्छ । प्रतिनिधिसभाका आफ्ना स्वार्थ हुन्छन् । निर्वाचन क्षेत्रको प्रतिनिधित्व गर्नुपर्दछ । सरकार बनाउने, ढाल्ने कुरामा प्रत्यक्ष संलग्न हुने बाध्यतामा हुन्छन् । यसो भएका कारणले देश र जनताको हित भन्दा पनि सत्ता टिकाउने र ढाल्ने स्वार्थमा लिप्त हुने प्रतिनिधि सभाले गरेका कैयन् कामकारबाही करेक्सन गर्न लायक हुन्छन् । सत्ता र शक्तिका दबाबमा गरेका निर्णयहरू देश र जनताको पक्षमा नहुन पनि सक्दछन् । यस्तो अवस्थामा प्रतिनिधिसभाका त्यस्ता निर्णयहरू करेक्सन गर्ने हैसियत राख्ने यो सभा हो । तसर्थ यो हैसियत कायम राख्न सक्ने खालको उम्मेदवारी चयन गर्न दलहरूले ध्यान दिन जरूरी छ ।

**विज्ञहरूको सभा**

प्रतिनिधिसभा चुनाव जित्न सक्ने मानिसहरूको सभा हो । जनताको मन र मत जित्न सक्दा प्रतिनिधिसभामा प्रतिनिधित्व गर्न सक्दछन् । तर निर्वाचनको विजयले संसद्का लागि चाहिने विज्ञता बोनसमा थपिदिंदैन । त्यसपछि निर्वाचन क्षेत्रको विकास, निर्वाचन क्षेत्रका जनताको जायज वा नाजायज माग पूरा गर्ने बाध्यता र सरकार बनाउने, टिकाउने वा ढाल्ने बिजनेशमा सहभागी हुन प्रतिनिधिसभा बाध्य छ ।

तर प्रतिनिधिसभामा विज्ञताको प्रतिनिधित्व हुन्छ भन्ने ग्यारेण्टी हुँदैन । चुनाव जित्न सक्ने मानिसको बाहुल्य हुन्छ । चुनावमा विज्ञताको हिसाब प्राय: गरिन्न । विज्ञ भएकै कारणले जनताले जिताए वा जनताले जिताएका कारणले विज्ञ भए दुवै भन्न मिल्दैन । त्यसैले त्यो रिक्तता पूर्ति गर्ने काम दुई सदनात्मक व्यवस्थापिका भएका मुलुकमा राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने विज्ञहरूबाटै गर्ने प्रचलन छ, यसो गर्नै पर्ने हुन्छ ।

राष्ट्रिय सभा सरकार बनाउने ढाल्ने खेलमा सामेल हुन नपर्ने र बजेट विनियोजन र पारित गर्ने जस्तो झन्झटमा फस्न नपर्ने भएका कारणले स्वतन्त्र निर्णय गर्न सक्ने हुन्छन् भन्ने अनुमान गरिन्छ । आफ्नो विज्ञताका आधारमा निर्णय लिन र दिन सक्ने हैसियत राष्ट्रिय सभाले राख्छ भन्ने विश्वास गरिन्छ । यो विश्वासलाई कायम राख्न दलहरूले राष्ट्रिय सभामा त्यसै खालको प्रतिनिधित्व गराउन जरूरी छ ।

**अन्तर्राष्ट्रिय अनुभव**

खासगरी बेलायतमा हाउस अफ लर्डस्को व्यवस्था रफयो । जहाँ केही मानिसहरू जन्मजात र आजीवन सदस्य रहन्छन् । अवकाशप्राप्त न्यायाधीशहरू वा वरिष्ठ वकिलहरूको बाहुल्य त्यो सभामा रहन्छ । कन्सटिट्युसनल रिफर्म एक्ट २००५ ले व्यवस्था गरेबमोजिम सन् २००९ मा सर्वोच्च अदालत गठन नहुँदासम्म सर्वोच्च अदालतकै काम गर्ने निकायका रूपमा पनि हाउस अफ लर्डस् रहेको थियो । संसद्को माथिल्लो सदन भइकन पनि मुद्दा फैसला गर्ने र इन्साफ दिने जस्तो सर्वोच्च अदालतको काम गर्न सक्षम दक्ष र विश्वास आर्जन गर्ने थलोका रूपमा रहेको बेलायतको अनुभव र प्रभावका कारण राष्ट्रिय सभा राखिएको थियो भने त्यो स्तर धान्ने खालको बनाउन पनि त्यतिकै जरूरी छ ।

पछिल्लो अवधिमा १९९४ मा संविधानसभाबाट जारी गरिएको वी द पिपुल अफ नेशन, नेशनालिटी एण्ड पिपुल अफ इथियोपियाबाट आरम्भ भएको प्रस्तावना र आत्मनिर्णयको अधिकारलाई अत्यधिक महत्व दिइएको इथियोपियाको संविधानमा माथिल्लो सभालाई हाउस अफ प्रोभिन्सका रूपमा लिइन्छ । माथिल्लो सदनले संविधानको व्याख्या गर्ने लगायत संवैधानिक अदालतको काम गर्दछ । यसका साथै हामीकहाँ जस्तो आर्थिक मामलाको बाँडफाँट गर्ने जस्तो वित्त आयोगको काम पनि माथिल्लो सदनले गर्दछ । संघ र प्रदेश वा प्रदेश र प्रदेशहरूका बीचको विवाद समाधान गर्ने काम पनि यही सभाले गर्दछ । यतिसम्म कि आत्मनिर्णयको अधिकारको बारेमा निर्णय गर्ने अधिकार पनि यही सदनलाई संविधानले दिएको छ । यी र यस्तै अन्तर्राष्ट्रिय अनुभवबाट पनि नेपालले सिक्न जरूरी छ ।

**हाम्रो अभ्यास**

माथिल्लो सदनका रूपमा रहेको राष्ट्रिय सभाको गरिमा महत्व र अन्तर्राष्ट्रिय अभ्यासका तुलनामा नेपालको राष्ट्रिय सभा खरो उत्रन सकेको पाइँदैन । दलहरूले पटक-पटक गल्ती गर्दै आएका कारण राष्ट्रिय सभाको सो गरिमा महत्व कायम हुन नसकेको मात्रै हैन प्रतिनिधिसभाको फोटोकपी बनेर गरिमा घटाउने काममा उद्यत भएको देखिन्छ ।

राष्ट्रिय सभा बेरोजगार कार्यकर्ता व्यवस्थापन गर्ने थलोका रूपमा विकास भएको छ । गाउँ, नगर, जिल्ला, प्रदेश, प्रतिनिधिसभा कहीं कतै टिकट दिन नसकेका वा टिकट पाएर पनि चुनाव जित्न नसकेका र पार्टीमा पनि राम्रो जिम्मेवारी दिन नसकेका बेरोजगार कार्यकर्तालाई व्यवस्थापन गर्ने थलोका रूपमा राष्ट्रिय सभा बदलिन थालेको छ । जसले राष्ट्रिय सभाको गरिमा घटाएको छ ।

राष्ट्रिय सभा बेरोजगारहरूका लागि रोजगारी दिने थलोका रूपमा पनि लिन थालिएको छ । यदाकदा शीर्ष नेताहरू समेत पनि कुनै न कुनै रूपमा संसद्मा हुनुपर्ने दावी गर्ने गरेको अनुभव छ । हामीले के खाने भन्ने वाक्यांश प्रयोग गरेर भए पनि केही खान र ाष्ट्रिय सभामा प्रवेश पाएको आभास हुने गरी सँगालिएको अनुभव ताजा छ । जो राष्ट्रिय सभालाई गरिमामय बनाउन बिल्कुल सहयोगी भएको छैन ।

चुनाव जित्न नसकेकाहरूको जमघटको थलोका रूपमा पनि राष्ट्रिय सभा बदलिने खतरा देखा परेको छ । यसअघिको छोटो अनुभवमा पनि प्रतिनिधिसभामा चुनाव हारेका तर घुमाउरो बाटोबाट संसद्मा प्रवेश गरेका उदाहरण छन् । कुनै वेला प्रतिनिधिसभामा चुनाव हारे पनि राष्ट्रिय सभामा जाने र संविधान संशोधनका माध्यमबाटै भए पनि प्रधानमन्त्री हुने दाउ प्रदर्शन नभएको हैन । त्यतिवेला तर्क गरियो कि राष्ट्रिय सभाको सदस्य संघीय संसद्को सदस्य हो भने प्रधानमन्त्री हुन किन नहुने ? मन्त्री हुन चाहिं नरोक्ने ? छिमेकी मुलुक भारतमा प्रधानमन्त्री हुन नरोक्ने नेपालमा रोक्नुपर्ने कारण के हो ? भन्ने तर्क पनि जबर्जस्त आएको थियो । यी र यस्तै तर्कहरूले राष्ट्रिय सभाको गरिमा घट्न पुगेको छ ।

राष्ट्रिय सभा प्रतिनिधिसभाको छायाँ सभाका रूपमा यसलाई विकास गराउने काम यो अवधिमा भयो । संविधान निर्माणका बखत यस्तो खतरालाई पूर्वानुमान गरी अलग काम र कर्तव्य निर्वाह गर्ने गरी राष्ट्रिय सभाको व्यवस्था गरौं । यसका लागि बरु उपराष्ट्रपतिले अध्यक्षता गर्नेसम्मको व्यवस्था पनि गरौं भन्ने तर्क गरिएको थियो । तर संविधान निर्माणका बखतको त्यो तर्क तत्काल काम त लागेन तर अहिले भने त्यसो किन गरिएनछ भन्ने पछुतो मान्ने अवस्था आइलागेको छ । प्रतिनिधिसभाको बैठक दिउँसो बस्छ उसले जे गर्छ राष्ट्रिय सभाले पनि त्यही गर्छ । उसले बहिष्कार गरे राष्ट्रिय सभाले पनि त्यही गर्छ । उसले उभिएर विरोध गरे त्यही गर्छ । बसेर विरोध गरे त्यही गर्छ भन्ने आहान स्थापित भएको छ । आखिर यस्तै काम दोहोर्‍याउने हो भने राष्ट्रिय सभा किन चाहियो भन्ने तर्कले बल प्राप्त गर्दैछ ।

तसर्थ काम र अभ्यासले संसद्को काम कारबाही पाको बन्दै जाने हो भने झैं राष्ट्रिय सभालाई विगतका गल्तीबाट जोगाउने र यसको गरिमा कायम गर्ने हो भने विज्ञहरूको सभा, राजनीतिक अनुभवीहरूको सभा र प्रतिनिधिसभाको गल्तीलाई करेक्सन गर्ने हैसियत भएको सभाका रूपमा विकास गर्नुपर्छ । यसो गर्नका लागि आसन्न राष्ट्रिय सभाको निर्वाचनमा दलहरूले ध्यान पुर्‍याउन जरूरी छ । प्रतिनिधि सभा संविधान विपरीतको विघटन र पुनर्स्थापनाको चंगुल पार गर्दै अनन्तकालसम्मको अवरुद्धताबाट प्रताडित छँदैछ । त्यसैको छायाका रूपमा राष्ट्रिय सभा पनि रहने हो भने विश्वास खस्कन बेर लाग्दैन । राष्ट्रिय सभाको गरिमा जसरी खस्किदैछ त्यसरी नै राज्यका संरचनाहरूप्रति अविश्वास चुलियो भने निकै ठूलो त्याग र बलिदानबाट बनेको नयाँ संविधानले प्रणालीप्रति नै विश्वास गुम्ने खतरा पैदा हुनेछ । यसतर्फ वेलैमा ध्यान जाओस् । *(साभार: अनलाइनखबर)*

# मिसन ८४ : राजनीतिक ठगी र समाजवादको कालो बजारीकरण

केशव खतिवडा

नेपाली राजनीतिको विभिन्न कालखण्डमा विभिन्न मिसनहरूले राजनीतिमा परिवर्तन ल्याएका छन् । राणाशासनको अन्त्यका लागि लखन थापाको विद्रोहदेखि मकै पर्व, लाइब्रेरी पर्वले ल्याएको चेतना र जागरण अनि सङ्गठित रूपमा सुरु भएको प्रचण्ड गोरखा, प्रजापरिषद् हुँदै नेपाल राष्ट्रिय कांग्रेसको स्थापना र नेपाल प्रजातान्त्रिक कांग्रेससँग भएको एकतापश्चात् स्थापना भएको नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी स्थापनाको मूल मिसन राणाशासनको अन्त्य गरी प्रजातन्त्रको स्थापना गर्नु रहेको थियो । जुन मिसन २००७ को जनक्रान्तिले पूरा गरेको थियो ।

प्रजातन्त्रको स्थापनापश्चात् दलहरूको मिसन आमनिर्वाचन सम्पन्न गरी जननिर्वाचित सरकार गठन गर्नु थियो । २०१५ सालमा सम्पन्न भएको आमनिर्वाचनले यो मिसन पनि पूरा भयो । नेपाल कम्युनिस्ट पार्टीले स्थापना कालदेखि नै गरिब र धनी सबै समान हुने समाजवाद र साम्यवादको सुन्दर नारा अघिसारेको थियो । त्यो नारा गरिबहरूको बिचमा सर्वाधिक लोकप्रिय नारा थियो । नेपाली कांग्रेसले २०१२ सालमा सम्पन्न वीरगन्ज महाधिवेशनबाट प्रजातान्त्रिक समाजवादको कार्यक्रम पारित गर्‍यो । यसरी मुलुकका मुख्य दुई दलले आफू अनुकूलको समाजवादको टोपी लगाए । अनि सुरु भयो आरोप प्रत्यारोप । नेपाली कांग्रेसले कम्युनिस्ट भनेका एक दलीय तानाशाही कथित समाजवादी हुन र कांग्रेस भनेको प्रजातन्त्रमा विश्वास गर्ने सच्चा समाजवादी भएको दाबी गर्न थाल्यो । त्यसै गरी कम्युनिस्टहरूले आफू सच्चा किसान मजदुर र सर्वहारा वर्गको पक्षपाति भएको र काङ्ग्रेस भनेको दलाल पुँजीपति वर्ग तथा बुर्जुवाहरूको पार्टी भएको भन्ने प्रचार गरे । तर २०१५ सालको आमनिर्वाचनमा कांग्रेसको प्रजातान्त्रिक समाजवादको नारा निक्कै राम्रो खपत भयो । परिणामस्वरूप संसद्को १०९ सिटमध्ये ७४ सिटमा विजय हासिल गरी बीपी कोइरालाको नेतृत्वमा सरकार गठन भयो । कम्युनिस्टको समाजवाद र साम्यवादको नारा धेरै खपत हुन नसकेको हुँदा ४ सिटमा मात्र विजय हासिल गर्‍यो ।

डेड वर्ष नबित्तै यो पहिलो जननिर्वाचित सरकारलाई राजा महेन्द्रले कु गरी पञ्चायतको सूत्रपात गरे । यो डेड वर्षको छोटो समयमा प्रजातान्त्रिक समाजवादको परीक्षण हुन सकेन । अब दलहरूको मिसन पञ्चायती व्यवस्थाको अन्त्य र प्रजातन्त्रको पुनर्वाहाली बन्न पुग्यो । र ाजनीतिले विभिन्न आरोह र अवरोह पार गर्दै २०३६ सालको जनमत सङ्ग्रहको सामना गर्न पुग्यो । दुवै परस्पर विरोधी समाजवादी दलहरू जनमत सङ्ग्रहको सवालमा पनि विभाजित भए । नेपाली कांग्रेसले जनमतसङ्ग्रहलाई स्वागत गर्दै निर्वाचनमा भाग लियो । कम्युनिस्टहरूले धोका हो भन्दै बहिष्कार गरे । निर्वाचनमा पञ्चायती व्यवस्थाले विजय हासिल गर्‍यो । जनमतसङ्ग्रह मार्फत प्रजातन्त्रको पुनर्वाहाली गर्ने दलको मिसन पराजय बन्न पुग्यो । पुष्पलालले संयुक्त जनआन्दोलनद्वारा पञ्चायतलाई परास्त गर्नुको विकल्प छैन भन्ने प्रस्ताव गर्दा कम्युनिस्टबाटै गद्धार र कांग्रेसको पुच्छर घोषित भए । दस वर्षपछि दलहरूको चेत खुल्यो । छयालिस सालमा कांग्रेस सात बाम घटक र नागरिक समाजको बिचमा कार्यगत एकता गरी प्रजातन्त्र पुनर्वाहालीका लागि संयुक्त जनआन्दोलन गर्ने मिसन छयालिस तय भयो । २०४६ सालको संयुक्त जनआन्दोलनमा जनताको अपार सहभागिता रह्यो । परिणामस्वरूप प्रजातन्त्रको पुनर्स्थापना भयो । जनतालाई प्रजातन्त्र र समाजवादको नाराले आकर्षण गरेको थियो । दल र नेताहरूमा पनि समाजवादको नारा र प्रजातन्त्र प्रतिको निष्ठा, समर्पण र त्याग भरपुर देखिन्थ्यो । २०४८ सालमा सम्पन्न भएको आमनिर्वाचनमा नेपाली कांग्रेसले एकल बहुमत हासिल गरी गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सरकार गठन भएसँगै उसले भन्दै आएको प्रजातान्त्रिक समाजवादको परीक्षण सुरु भयो । गिरिजाप्रसाद कोइराला, कृष्णप्रसाद भट्टराई, शेरबाहादुर देउवा र सुशील कोइराला कांग्रेसको तर्फबाट लामो समय प्रधानमन्त्री बने तर उनीहरूसँग प्रजातान्त्रिक समाजवादको नारा शिवाय कुनै खाका तथा प्रारूप समेत रहेनछ । बरु संरचनागत समायोजन कार्यक्रममार्फत आएको चिट पो रहेछ । जसलाई निजीकरणको माध्यमद्वारा भित्र्याइए ।

यसरी कांग्रेसले निर्वाचनमा पटक पटक प्रजातान्त्रिक समाजवादको कालोबजारीकरण मात्र गरेन राजनीतिक ठगी पनि गरे । समाजवाद र साम्यवादका नारा दिने र किसान मजदुर तथा सर्वहारावर्गलाई सुन्दर भविष्यको सपना देखाउने कम्युनिस्ट पार्टीको तर्फबाट मनमोहन अधिकारी, प्रचण्ड, माधवकुमार नेपाल, झलनाथ खनाल, बाबुराम भट्टराई र केपी ओलीले पटक पटक गरी लामो समय प्रधानमन्त्री भएर नेतृत्व गरे तब प्रमाणित भयो कम्युनिस्टले पनि निर्वाचनमा समाजवादको कालो बजारीकरण र राजनीतिक ठगी गरे । यथार्थमा उनीहरू पनि नवउदारवादी रहेछन् भन्ने साबित भयो । यसरी विगत लामो समयदेखि एकल बहुमतसमेत ल्याएका दुई ठुला दलहरूले समाजवादको नाममा गरेको राजनीतिक ठगीको कारणले जनतामा यी दलप्रति विश्वास घट्दै गयो । निर्वाचनमा कुनै पनि दलले बहुमत हासिल गर्न सकेनन् । परिणाम स्वरूप गठबन्धन गर्ने र सत्ता भागवण्डा गर्ने खेल सुरु भयो । यी दलहरूसँग विभिन्न बाहनामा चुनाव जित्ने मिसन निर्वाचन मात्र रहेछ । देश बनाउने भिजन भने रहेनछ । अब फेरि तिनै दलहरू र प्रियतावादीका रूपमा उदाएका र नयाँ भनिने दलहरू जोससँग राजनीतिक भिजन, मिसन र एक्सन केही छैन । उनीहरू मिसन चौरासीको नारा दिन थालेका छन् । अब मिसन चौरासीको नाममा राजनीतिक ठगी हुने सम्भावना बढ्दैछ । तर पुराना दल र नयाँ भनिने प्रियतावादी दलहरूसँग देश बनाउने भिजन चौरासी भने छैन । उनीहरूसँग भिजन एकासी, भिजन बयासी, त्रियासी भएको भए निर्वाचनलाई सङ्केत गरेर मिसन चौरासी भन्ने थिएनन । पुराना दलहरू जसले तेत्तिस वर्ष शासन गरे उनीहरूसँग भिजन चौरासी छैन भन्ने बारम्बार र मुलुकको वर्तमान दुर्दशाबाट प्रमाणित भइसकेको छ ।

गणतन्त्रको स्थापनापश्चात् पहिचान र सैंयताको नारा दिएर उदाएका र पुरानादल, बा, दाजु भाउजूहरूको विरोध गर्दै जन्मेका नवप्रियतावादी दलहरूसँग भिजन चौरासी वा भिजन नब्बे, पन्चानब्बे हुने कुनै सम्भावना छैन । किनकि प्रियतावाद संसारकै एउटा राजनीतिक समस्या हो । जति अरूको विरोध गर्छन । त्योभन्दा बढी आफू गलत हुन्छन् । चर्को नारा दिन्छन् । समस्यै समस्या देखाउँछन् । तर सुझाव, दृष्टिकोण र समाधान दिन सक्दैनन् । प्रियतावादको नेचर जिम्मेवार बन्ने, दृष्ट्रिकोण प्रस्तुत गर्ने र राजनीतिक समस्याको समाधान दिने पनि हैन । किनकि आफैँमा ऊ राजनीतिक समस्या हो । उसको जन्म जसरी हा, हा, हो, होमा भएको हुन्छ अन्त्य पनि त्यसरी नै हुन्छ । संसारको इतिहासले प्रमाणित गरेको छ । नेल्सन मण्डेलाले भन्नुभएको थियो राष्ट्रपति डिक्लार्क सता भागबन्डाको प्रस्ताव गर्नु हुन्छ । यो शब्द मलाई आफैँमा भ्रष्ट लाग्छ । किनकि मैले पार्टी र मेरो व्याक्तिगत स्वार्थका लागि राजनीति गरेको हैन । दक्षिण अफ्रिकामा प्रजातन्त्रको स्थापना र सुनिश्चितता, रङ्गभेदको अन्त्य, मुलुकको समृद्धि, मानव अधिकारको ग्यारेन्टी, कानुनी राज्य जस्ता तमाम सवालहरूको सुनिश्चितताका लागि संघर्ष गरेको हुँ । राजनीतिलाई पेसा बनाउनेहरूका लागि यो एउटा सानो दृष्टान्त हो ।

**मिसन ८४ केका लागि ?**

यतिखेर तिनै पुराना दल जसले तेत्तिस वर्ष पालैपालो मुलुकमा शासन गरे र मुलुकलाई वर्तमानको अवस्थमा पुर्‍याए । अनि यिनै दलहरूलाई सत्तोसराप गरेर उदाएका केही नयाँ भनिने दलहरूले यति खेर मिसन चौरासीको नारा दिन थालेका छन् । उनीहरूको विगतको पृष्ठभूमिलाई हेर्दा लाग्छ, उनीहरूलाई मिसन चौरासी केही बाँकी रहेका अधुरा काम ललिता निवास प्रकरण, प्रिटिङ प्रेस, ओम्नी र यती समूह, केही हाइड्रोहरू विदेशी कम्पनीलाई सुम्पन, ठुला व्यापारी घरानालाई कर छुट दिन, विकासे मन्त्रालयमा भागबण्डा गर्न, सुन र भुटानी शरणार्थी काण्डका अभियुक्तलाई उन्मुक्ति दिन, गिरिबन्धु टी स्टेटको बाँकी काम टुंग्याउन, थर्काएर गृहमन्त्री लिने नत्र बाहिरिएर सतोसराप गर्न, कुशासनलाई निरन्तरता दिन, सैंयता, धर्मनिरपेक्षता र गणतन्त्रमाथि धावा बोल्नका लागि नै उनीहरूलाई मिसन चौरासी चाहिएको हो भनेर ठोकुवा गर्न सकिन्छ । देश विकास गर्नका लागि हुन्थ्यो भने विकासको मोडलसहित भिजन चौरासी भनिन्थ्यो । तसर्थ सङ्कल्पयात्रा गरेर होस् या रामनामी बर्को ओडेर मन्दिर चहार्दैमा या जान्नेलाई छान्ने भन्दैमा अब जनता झुक्किँदैनन् ।

**-अबको अठोट भिजन ९९ को**

मुलुक यतिखेर सफलता र असफलताको दोसाँधमा उभिएको छ । आउने चौरासीको निर्वाचन सम्म बहुरूपी गठबन्धनले नै शासन गर्ने निश्चित छ । यावत् विकृतिका कारणले चौरासीको निर्वाचनसम्ममा मुलुकको अस्तिपञ्जर मात्र रहनेछ । चौरासीको निर्वाचनमा पनि यिनै मिसन चौरासी भन्नेहरूले विजय हासिल गरे भने मुलुक पक्का असफल राष्ट्रमा परिणत हुनेछ । त्यस कारण मिसन चौरासीको नाममा हुने राजनीतिक ठगीबाट जोगिनु पर्छ । विकल्पको रूपमा भिजन ९९ को खोजी गर्नुपर्छ । आउने चौरासीको निर्वाचनमा मिसनवालाले हैन भिजनवालाले विजय हासिल गर्‍यो भने भिजन ९९ सम्मको पन्ध्र वर्षमा मुलुकले पुनर्जीवन प्राप्त गर्न सक्छ । मलेसिया, सिङ्गापुर, दक्षिण कोरिया, इथियोपिया जस्ता मुलुकहरूले जव भिजनवाला नेता पाए १५ देखि ३० वर्षमा मुलुकलाई समृद्ध र शक्तिसाली मुलुक बनाए । तसर्थ अब नेपालीले मिसनवालालाई हैन, भिजनवालालाई छान्नु पर्दछ । मिसन चौरासीसँग सावधान । *(साभार: रातोपाटी)*

# २०८० सालमै घन्किएको मिसन-८४ को नारा

काठमाडौं/अन्यत्रका देशमा एउटा चुनाव नसकिँदै अर्को चुनावका लागि नारा सार्वजनिक गर्नु खासै नौलो होइन, जस्तो कि ट्रम्प फर प्रेसिडेन्ट २४ । अमेरिकामा एक कार्यकाल राष्ट्रपति चलाइसकेका कट्टरपन्थी रिपब्लिकन नेता डोनाल्ड ट्रम्प फेरि सत्तासीन गराउने अभियानको नाम हो यो ।

भारतमा पनि मनमोहन सिंहपछिका प्रधानमन्त्री भनेर नरेन्द्र मोदीलाई ०१४ को लोकसभा चुनावअगावै ब्रान्डिङ गरिएको थियो । हर हर मोदी, घर घर मोदी नारासँगै भनिएको थियो : सबका साथ, सबका विकास ।

नेपालमा भने बिक्रम संवत्को ०८० सालमै मिसन ०८४ को नारा- अर्थात् एउटा चुनाव सकिएलगत्तै अर्को चुनावको चिन्ताले दलहरुलाई छोएको यो सम्भवत: पहिलो हो ।

खासमा यो नारा पोहोर मंसिरको संघ र प्रदेश चुनावलगत्तै सुरु भएको हो । अर्को चुनाव हुन अझै चार वर्ष बाँकी छ, तर आम मानिसहरुलाई यो अपिलले कताकति छुन थालेको प्रष्टै बुझ्न सकिन्छ ।

मिसन ८४ शब्दावली रास्वपाले चलाउन सुरु गरेको हो, जसअन्तर्गत विभिन्न कार्यक्रम आयोजना गर्दै यो पार्टीका नेताहरु हिँड्न थालेपछि प्रमुख प्रतिपक्षी दल नेकपा एमाले समेत मिसन ०८४ नै भन्न थालिसकेको छ ।

एमाले अध्यक्ष केपी ओलीले समृद्ध नेपाल, सुखी नेपाली नारामा एकल बहुमतको सरकार बनाउन मिसन ८४ चलाउनुपर्ने भन्दै आएका छन् । अरु नेताहरुले त्यसको वकालत गर्दै आएका छन् ।

'हिजो हामीलाई प्रश्न गर्नेहरु आज आफूमाथि प्रश्न उठ्दा भाग्न थालेका छन्, उनीहरु मिसन ८४ भन्दैछन्', महासचिव शंकर पोखरेलले गत वैशाखमा मिसन ग्रासरुट अभियान क्रममा हेटौंडामा भनेका थिए, 'तर हामीले चलाउने मिसन ग्रासरुटको मुख्य उद्देश्य नै मिसन ८४ हो, जहाँ एमालेले बलियो राष्ट्रिय शक्ति निर्माणको अगुवाइ गर्छ ।'

भर्खरै सकिएको झुलाघाट चिवाभन्ज्याङ संकल्प यात्रा क्रममा पनि एमाले नेताहरुको बोली-शैली आगामी चुनावतर्फ लक्षित रहेको देखन, बुझ्न सकिन्थ्यो ।

संसदीय प्रतिस्पर्धामा रहेका दलहरुले हरेक क्रियाकलापलाई आगामी चुनावका लागि माहोल सिर्जना गर्ने विषय मान्ने गरे पनि घोषित रुपमै मिसन ०८४ भनिदिएपछि बाँकी दलहरु स्वभाविक दबाबमा देखिन्छन् ।

वाद-प्रतिवादमै सही, ठूलो दल कांग्रेसका शीर्षस्थ नेताहरु समेत मिसन ०८४ को उपादेयताबारे प्रतिक्रिया पेश गरिरहेका छन् ।

रास्वपाले भन्दै आएको मिसन ०८४ लाई एमालेले नै अग्रपंक्तिमा उठाउन थालेपछि रास्वपा



सभापति रवि लामिछाने बोली फेर्न लागेका छन् । मिसन-८४ को प्राधिकार रास्वपाले दाबी गर्दै आएको थियो । मिसन-८४ अरु नै दलले कब्जा गरिदिने चिन्ता पनि रास्वपालाई छ । उक्त मिसनमा एमाले पनि थपिएपछि रास्वपाका सभापति लामिछानेले अलिक भिन्न टिप्पणी गरेका छन् ।

**मिसन ८४ को प्याटेन्ट दाबी :** रास्वपा सभापति लामिछानेले असोज १२ मा सामाजिक सञ्जालमा लामो स्टाटस लेखे । पुराना दलहरुलाई सत्तापक्ष हुनका लागि उनको अपिल थियो ।

देशमा व्याप्त बेथितिलाई ठीक गर्ने 'अन्तिम अवसरका' बाँकी चार वर्ष मिल्न पुराना दललाई उनको आग्रह थियो । 'देशका तमाम समस्या सुल्झाउन हामी बाहेकको सहमतीय सरकार बनाउनुस् । हामी प्रतिपक्षी मोर्चा सम्हाल्छौं' , पुराना दलहरु प्रति आक्रोश मिश्रित भावमा लामिछानेले भने, 'यो अवसरको सदुपयोग गरेर ३३ वर्षमा गरेका गलत काम सच्याउने हो कि मिलेमतो गरेर तिनलाई ढाकछोप गरी प्रमाण लुकाएर, थप अपराधीहरुलाई छुटाउने, बचाउने हो त्यो तपाईंहरुको जिम्मा ।'

मिसन-८४ अरु दलले भन्न नमिल्ने लामिछानेको तर्क छ । उनको सिधै संकेत प्रमुख प्रतिपक्षी दल एमाले लक्षित छ । 'मिसन ८०, मिसन ८१, मिसन ८२, मिसन ८३ छदै छ त ! यो ४ वर्ष सबै मिलेर यसरी काम गर्नुस', अन्य दललाई लामिछाने भन्छन् ।

लामिछानेले मिसन ८४ को शब्दावलीकै प्याटेन्ट दाबी गर्दैगर्दा अरु पार्टीहरुको प्रतिक्रिया पनि रोचक नै छ । जस्तो कि, कांग्रेसका नेताहरुले अहिलेदेखि नै मिसन ८४ भन्न लाग्दा बीचको कामकाजी समय समेत प्रभावित बन्ने भन्दै रास्वपालाई सतर्क गराएका छन् ।

उनीहरुले जनताबाट निर्वाचित भएर आएका प्रतिनिधिले अहिले नै काम देखाउनुपर्ने चुनौती रहेको भन्दै जिम्मेवारीबोध गर्न औंल्याएका हुन् ।

महामन्त्री विश्वप्रकाश शर्माले १९ मंसिरमा बाजुरा पुगेर भने, 'मिसन ८४ का लागि चिन्ता लिन पर्दैन, २०८१ देखि ८३ सालसम्म देशलाई कस्तो बनाउने र देशलाई सही मार्गमा कसरी लैजाने भन्नेमा चिन्ता गर्नुपर्छ ।'

के रास्वपाले मिसन ८४ भन्दैगर्दा त्यसको प्रभाव समग्र राजनीतिमा पर्ला त ? किनभने भोलि मैदानमा जुन दलहरुबीच भिडन्त हुने हो, ती कुनै न कुनै रुपमा एक अर्काबाट प्रभावित रहन्छन् नै । पहिले संसदमा संख्या गनेर पहिलो, दोस्रो दलका नेताहरुको फेरिँदै गएको बोलीबाट अड्कल काट्न सकिन्छ, उनीहरुलाई संसदमा उदाउँदो चौथो शक्तिको नाराले छोएकै छ ।

कांग्रेसका अर्का महामन्त्री गगन थापाले रास्वपा र एमालेले मिसन-८४ भनिरहँदा त्यस दिशामा कांग्रेस नरहेको बताउने गरेका छन् । यस बीचका चार वर्ष कांग्रेसले काम गर्न सके २०८४ को चिन्ता लिनै नपर्ने उनी बताउँछन् । थापा भन्छन्, 'यो चार वर्षमा काम गरेर देखाए जनताको बीचमा गएर छाती ठोकेर हामी भन्छौं यो कारणले गर्दा हामीले भोट पाउनुपर्छ भनेर ।'

शर्मा र थापाले गरेको टिप्पणीभन्दा धेरै भिन्न छैन, विश्लेषक विष्णु सापकोटाको बोली पनि । तर उनका प्रश्न भने रास्वपातिर मात्रै लक्षित छैनन्, किन्तु स्वयं कांग्रेस, एमालेका सत्तारुढ तथा आसन्न सत्ताकांक्षी नेताप्रति पनि सापकोटाले प्रश्न सोझ्याएका छन् ।

प्रश्नबाट जोगिने गरी मिसन-८४ भनिएको भए जायज नहुने उनी ठान्छन् । 'अहिले दुई-तीन वर्षका प्रश्नलाई स्थगित गर्न अथवा त्यसबाट जोगिन मिसन-८४ भनेको हो भने त्यो राम्रो होइन', सापकोटा तर्क राख्छन् 'प्रश्नको उत्तर नभएसम्म २०८४, २०८९, अनि २०९४ त आउँछन् तर केका लागि ल्याउने भन्ने प्रश्न मुख्य हो ।'

**मिसन ८४ भन्दै मध्यावधिको वकालत :** मिसन-८४ को गन्तव्य बनाएका रास्वपा सभापति लामिछानेले मध्यावधिको विकल्प पनि देखेका छन् । मंसिर ११ देखि १३ सम्म महोत्तरीको जलेश्वरमा बसेको केन्द्रीय र संसदीय दलको संयुक्त बैठकमा उनले प्रस्तुत गरेको प्रतिवेदनमा मध्यावधिका लागि तयार रहन नेता कार्यकर्तालाई निर्देशन दिए ।

मिसन-८४ को नारा परिवर्तन समेत सकिने लामिछानेको विचार छ । अर्थात्, रास्वपाले विपक्षी पार्टीहरुलाई ८४ को नारा दिएर जति तर्साएको छ, ऊ आफैं यसमा फरक ढंगले उभिन पनि सक्छ ।

'एकातिर मुलुक झन् झन् उधो गतिमा जाने, अर्कातिर सबैलाई अर्को चुनाव चाहिने । त्यसो हो भने ४ वर्ष कुरेर मुलुकलाई थप जटिल बनाउने कि मध्यावधिमा लैजाने ?' प्रतिवेदनमा लामिछानेले भनेका छन् ।

उनी थप्छन्, 'अरु दललाई पनि मिसन-८४ कै मुद्दा उठाउने भए यो बीचको समयावधि किन खेर फाल्नु ? यही बेथितिको निरन्तरता अर्को ४ वर्ष कुर्दा मुलुकलाई लाग्ने घाटा धेरै होला कि निर्वाचन गर्ने खर्च धेरै होला ?'

प्रतिवेदनमा उनले पुराना दललाई प्रश्न गरेका छन् । मध्यावधि हुन सक्ने आकलन गर्दै पार्टीको सबै संरचनालाई 'स्ट्यान्ड बाई' लामिछानेले प्रतिवेदन मार्फत उक्त बैठकमा निर्देशन दिएका थिए । यही सिलसिला थप ४ वर्ष चल्ने हो भने मुलुकले ब्यहोर्ने घाटा हिसाब गरी साध्य नहुने प्रतिवेदनमा उल्लेख छ ।

**तर, बेलायत पुगेर बोली फेरे :** पार्टी बैठकमा प्रस्तुत लामिछानेको राजनीतिक प्रतिवेदनमा भनिएको छ, 'तीन दशकदेखि सत्ता र सत्ताको वरिपरि रहेका दल पनि मिसन ८४ भन्न थालेका छन् । उनीहरूले त अहिले नै रुपान्तरण सहित समृद्धिको मिसन चलाउन सक्छन् । तर, हाम्रै नक्कल गरेर मिसन ८४ भन्नुपर्ने बाध्यतामा छन् उनीहरू पनि ।'

रास्वपाले बनाएको मिसन-८४ को लक्ष्य अरुले बनाएको प्रति उनको आक्रोश थियो । मिसन-८४ को अरु दलले लक्ष्य बनाउने भए लामिछानेले अर्को विकल्प अघि सारेका छन् । पार्टी संगठन विस्तारका लागि दुई साताअघि बेलायत रहेका लामिछानेले दुई दिन अघि नयाँ तुरुप ल्याए । त्यसका लागि अरु दल प्रतिपक्ष बन्नुपर्ने र सरकार पक्ष रास्वपा हुनुपर्ने उनको तर्क छ ।

रास्वपाले मिसन- ८४ भन्न छोड्नका लागि आफूहरु सत्तामा पुग्न पाउनुपर्ने लामिछानेको तर्क छ । 'सबैलाई मिसन ८४ चाहियो रे । त्यसो भए ठीक छ, म मिसन ८४ भन्न छोडिदिन्छु', लामिछानेले २५ मंसिरमा लन्डनमा रास्वपा शुभेच्छुकबीच भने । अरु दलसँग उनको आग्रह छ, 'मिसन ८४ तपाईंहरु नै भन्नुस् । हामीले जम्मा १३ वटा मन्त्रालय चलाउँछौं । सरकार चलाउन दिनुस् ।'

२०८४ सालको निर्वाचनमा आफ्ना उम्मेदवार प्रचार प्रसारमा नहिँडेर पनि चुनाव जित्ने उनले दाबी गरे । 'जितेर देखाइदिन्छौं । कामले जित्न तयार छौं', लामिछानेले भने, 'अब ४ वर्ष चलाउन दिनुस्, खोजी खोजी घण्टीमा भोट हाल्ने बनाइदिन्छौं । ओपन च्यालेन्ज भयो ।'

नेताहरुले आफू अनुकुलका भाष्य सिर्जना गर्न खोज्नु स्वभाविक भए पनि आम रुपमा निराशा व्याप्त भएका बेला कस्तो खालको बाटो लिनुपर्ला ? यसबारेमा नेपाली समाज र बौद्धिक वृत्तमा धेरै छलफल हुन सकेको छैन ।

नेतृत्वले राजनीतिक, आर्थिक र मनोवैज्ञानिक सन्त्रास छाएका बेला अग्रपंक्तिमा उभिएर आशा जगाउनु साटो निराशामै फाइदा खोज्न थालेको देख्छन् अर्थराजनीति विश्लेषक लेखनाथ पौडेल ।

'विगतमा असन्तुष्टि औंल्याएर अनेक वाचा गर्दै उदय भए पनि डेलिभरी गर्न कति कठिन रहेछ भन्ने बुझ्दैछन्', पौडेल भन्छन्, 'एमाले त प्रमुख प्रतिपक्षी भएकाले कुनै पनि बेला सरकारमा आउन सकिएला भनेर मिसन ८४ भन्दै होला, रास्वपाको हकमा चाहिँ आफ्नो राजनीतिक सार्थकता जीवित राखिराख्ने प्रयासमा देखिन्छ ।'

रास्वपा र अरु दलहरुले अहिलेदेखि नै चुनावकेन्द्रित अभियान चलाउन थाल्नुले आम मानिसमा भने उपयुक्त सन्देश नजान सक्ने पौडेलको आकलन छ । जनतासँग जोडिएर निरन्तर काम गर्दै अघि बढ्नुको साटो निराशामा आधार खोज्नका लागि मिसन ८४ नाराको प्रयोग नगर्न उनले सुझाव दिए ।

*(स्रोत: अनलाइनखबर)*

# जग्गा ओगटेर बसेका चार उद्योगको सम्झौता रद्द

साझाकुरा संवाददाता

हेटौंडा, ३ पुस/हेटौंडा औद्योगिक क्षेत्रमा उद्योग खडा नगरी जग्गा मात्रै ओगटेर बसेका चार वटा उद्योगको जग्गा भाडा सम्झौता रद्द गरिएको छ ।




हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले उद्योग सञ्चालन गर्न सम्झौता गरी उद्योग सञ्चालनमा नल्याउने चारवटा उद्योगसँगको सम्झौता रद्द गरेको हो । सम्झौता भएको ६ महिनाभित्रमा आवश्यक संरचना निर्माण कार्य सुरु गरी दुई वर्षभित्रमा उद्योग सञ्चालनमा ल्याइसक्नुपर्ने कानुनी प्रावधान छ । तर, दुई वर्षभन्दा बढी भइसक्दा समेत हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले सम्झौता रद्द गर्न सकेको थिएन । जसकारण ती उद्योगले जग्गा मात्रै ओगट्दा नयाँ उद्योगले ठाउँसमेत पाउन सकेका थिएनन् ।

हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका क्षेत्र व्यवस्थापक भोजराज बिनाडीले सनराइज कन्टेनर्स प्रालि, नाथ फुड्स् इण्डष्ट्रिज प्रालि, लक्ष्मी पेन्ट्स प्रालि र बिवाईएस हेटौंडा प्रालिसँग हेटौंडा औद्योगिक क्षेत्रभित्र उद्योग सञ्चालन गर्न गरिएको सम्झौता रद्द गरिएको जानकारी दिए ।

उद्योग सञ्चालन गर्न सम्झौता गरेका ती उद्योगले आवश्यक संरचना निर्माणसँगै उद्योग सञ्चालनमा ल्याउन नसकेपछि सम्झौता रद्द गरेको उनले बताए ।

# 'पूजार सार्की'मा पुजारी बन्दै आर्यन

काठमाडौं/नेपाली कलाकारहरु एकआपसमा मिलेर काम गर्दैनन् भन्ने भाष्यलाई तोड्दै फिल्म 'पूजार सार्की'मा अहिलेका तीन स्टार नायकहरु आर्यन सिग्देल, प्रदीप खड्का र पल शाहले पहिलोपटक एकसाथ काम गर्दैछन् । सम्भवत: एक दशकपछि चलेका नायकहरुबीच यसप्रकारको समीकरण भएको हो । यसले फिल्म क्षेत्रलाई नै सन्देश दिएको छ । यो फिल्मलाई दिनेश राउतले निर्देशन गर्दैछन् ।

आर्यन, प्रदीप र पल 'कमर्शियल हिरो' मानिन्छन् । तर, 'पूजार सार्की' नामले भने 'नन् कमर्शियल' सुनिन्छ । यसले गर्दा फिल्मप्रति धेरैमा चासो र कौतुहलता देखिएको छ । यसबीच, फिल्ममा आर्यन सिग्देलले निर्वाह गर्ने पात्रको बारेमा महत्त्वपूर्ण खुलासा भएको छ । फिल्ममा आर्यनले पुजारीको भूमिका निभाउन लागेको प्रदीपले सोमबार एक टेलिभिजनसँगको अन्तर्वार्तामा खुलाएका छन् ।

उनी फिल्मबारे भन्छन्, 'दिनेश दाईसँग 'प्रकाश'पछि मेरो ट्यूनिङ मिलिरहेको छ । 'पूजार सार्की' चाहिँ एउटा पूजारीको यात्रा हो । फिल्ममा पूजारी आर्यन दाई हो । आर्यन दाईको क्यारेक्टरलाई म कसरी समस्यामा पार्छु या सहयोग गर्छु भन्ने कथाको फिल्म हो ।'

उनले आफ्नो भूमिकाको बारेमा भने खुलाएका छैनन् । तर, स्रोतका अनुसार फिल्ममा उनी सार्की समुदायको पात्रमा देखिनेछन् ।

आर्यनले यसअघि फिल्म 'सुश्री'मा पण्डित परिवारमा हुर्किएको युवकको भूमिका निभाएका थिए । अब 'पूजार सार्की'मा पूजारीको भूमिकामा प्रस्तुत हुने भएका छन् । उनको भूमिका दर्शकलाई रोचक हुने देखिन्छ । उनका लागि यो फिल्म निकै महत्त्वपूर्ण छ । विगत ६/७ वर्षदेखि उनी फिल्मको असफलतासँग जुधिरहेका छन् । यसअर्थ यो फिल्मको सफलता उनका लागि अनिवार्यझैँ छ ।

हेटौंडामै उत्पादित
सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

# चाडबाड लगत्तै ह्वात्तै बढे विदेशिने नेपाली

काठमाडौं/नेपालमा चाडबाड सकिएसँगै विदेश जाने नेपालीको संख्या ह्वात्तै बढेको छ । वैदेशिक रोजगार विभागका अनुसार मंसिर महिनामा नयाँ र पुन: श्रम स्वीकृति लिएर विदेश जाने नेपालीको संख्या ७१ हजार २७६ पुगेको छ । जुन चालु आव २०८०/८१ को एक महिनामा विदेशिएका नेपालीको सर्वाधिक संख्या हो । यो मंसिरमा अघिल्लो वर्षको यसै महिनामा भन्दा पनि धेरै नेपालीले आफ्नो गन्तव्य विदेश बनाएका छन् ।

२०७९ मंसिरमा ६८ हजार ५६४ जना नेपालीले नयाँ तथा पुन: श्रम स्वीकृति लिएका थिए । यस वर्ष असोजमा ५६ हजार २३५ र कात्तिकमा ४३ हजार ६२२ नेपालीले श्रम स्वीकृति लिएका थिए । यी दुई महिना मूख्य चाडबाडको सिजन मानिन्छ । त्यसलगत्तै झण्डै दोब्बर संख्यामा नेपाली विदेशिएका छन् ।

मंसिरमा मात्र ६ हजार ९३४ जना महिला कामको खोजीमा विदेशिएका छन् । यो महिनामा नयाँ श्रम स्वीकृति मात्र ३६ हजार ८० वटा जारी भएको छ । मंसिरमा विदेशिनेमध्ये धेरैजसो नेपाली तराईका जिल्लाका छन् । धनुषबाट ३६ सय २१, झापाबाट ३३ सय ९७, मोरङबाट ३१ सय २ र रुपन्देहीबाट २३ सय ९ जना विदेश गएका छन् ।

### ५ महिनामा विदेशिए पौने ३ लाख नेपाली

चालु आवको पहिलो पाँच महिनामा पौने ३ लाख नेपाली कामको खोजिमा विदेशिएका छन् । तथ्यांक अनुसार साउनदेखि मंसिर सम्म कुल २ लाख ७७ हजार ५९२ जना नेपालीले नयाँ तथा पुन: श्रम स्वीकृति लिएका छन् । गत आवको यसै अवधिको तुलनामा भने विदेशीनेको संख्या केही कम भएको छ । गत वर्ष ५ महिनामा ३ लाख ३९ हजार ८२ जना नेपाली कामको खोजिमा विदेशिएका थिए ।

### यूएई जाने दोब्बर

मंसिर महिनामा धेरै नेपालीले यूनाइटेड अरब इमिरेट्सलाई मूख्य गन्तव्य बनाएका छन् । मंसिरमा १८ हजार ४९३ जना नेपालीले यो मुलुकका लागि नयाँ तथा पुन: श्रम स्वीकृति लिएका छन् । गत वर्षका मंसिरको तुलनामा यो झण्डै दोब्बर हो । सो वर्ष मंसिरमा १० हजार १६१ जना मात्र यूएई गएका थिए ।

मंसिरमा कतार जानेको संख्या १४ हजार १५२ जना रहेको छ । साउदी अरवमा १३ हजार ९८३ जनाले श्रम स्वीकृति लिएको विभागको तथ्यांक छ । मलेसियामा यस महिनामा ९ हजार ७७५ जना नेपालीले श्रम श्रम स्वीकति लिएको तथ्यांक छ । श्रम स्वीकृति लिएर जापान जानेको संख्या १५ सय २८ रहेको छ । कुवेतमा ३ हजार ४५८ जनाले श्रम स्वीकृति लिएको तथ्यांक छ । कोरियामा भने १८ सय ४३ जना रोजगारीका लागि पुगेको तथ्यांक छ ।

### रूसमा ४० र इजरायलमा ८५ जनालाई श्रम स्वीकृति

मंसिर महिनामा रुसका लागि ४० जनाले श्रम स्वीकृति लिएका छन् । इजरायलमा भने ८५ जनाले श्रम स्वीकृति लिएको विभागको तथ्यांक छ । श्रम स्वीकृति लिएर चीन जानेको संख्या १९ जना रहेको छ । क्यानडामा ४५ जनाले श्रम स्वीकृति लिएको तथ्यांक छ । अफगानिस्थानका लागि ११३ जनाले श्रम स्वीकृति लिएका छन् ।

### एक महिनामा साढे १३ हजार अदक्ष कामदार विदेशिए

नेपालले अझै पनि ठूलो संख्यामा अदक्ष कामदार विदेश पठाइरहेको पाइएको छ । मंसिर महिनामा मात्र १३ हजार ५९७ जना अदक्ष कामदार विदेश गएका छन् । जसमध्ये १९ सय ७२ जना महिला छन् । अर्धदक्ष कामदारको संख्या ५१ हजार ३४० रहेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140,
057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

कांग्रेस जिल्ला सम्मेलन

# अघिल्लो सरकारले बिगारेको अर्थतन्त्र सुधारोन्मुख छः अर्थमन्त्री महत

साझाकुरा संवाददाता

हेटौंडा, ३ पुस/संघीय सरकारका अर्थमन्त्री तथा नेपाली कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतले अघिल्लो सरकारले बिगारेको अर्थतन्त्रलाई आफूले सुधार गरेको दाबी गरेका छन् ।

तत्कालीन नेकपा सरकारका प्रधानमन्त्री केपी शर्मा ओलीले अर्थतन्त्र बिगारेको आरोप लगाएका अर्थमन्त्री महतले हाल मुलुकको अर्थतन्त्र सुधारोन्मुख अवस्थामा रहेको र चिन्ता लिनुपर्ने अवस्था नभएको बताएका हुन् । मंगलबार हेटौंडामा भएको नेपाली कांग्रेसको पहिलो जिल्ला सम्मेलनलाई सम्बोधन गर्दै मन्त्री महतले पूर्वप्रधानमन्त्री ओलीको समयमा हचुवाको भरमा जथाभावी गरिएको लगानी, ऋणमुखि कार्य, खुकुलो मौद्रिक नीति र अनुत्पादक क्षेत्रमा लिइएको विदेशी ऋणका कारण आर्थिक मन्दीको सिर्जना भएको आरोप लगाएका थिए ।



'गठबन्धन सरकारबाट मलाई अर्थमन्त्रीको जिम्मेवारी दिँदाको बेलामा हाम्रो अर्थतन्त्र अत्यन्त अफठ्यारोमा थियो । ओलीको पालादेखिका समस्याहरु थुप्रिराखेको थियो ।,' अर्थमन्त्री महतले भने । अर्थमन्त्री महतले अप्ठेरो परिस्थितिमा जहिल्यै कांग्रेसले नै सुधारेको दाबी गरे । कांग्रेसले अर्थ मन्त्रालयको जिम्मेवारी पाएपछि देशको अर्थतन्त्रमा क्रमशः सुधारका संकेत देखापरेको उनको भनाई छ । उनले आफ्नो सम्पत्तिको सुरक्षा गर्न मरिमेट्ने जनताले राज्यको सम्पत्तिको दुरुपयोग गर्न नहुने बताउँदै अब अर्थतन्त्रले पिकअप लिने विश्वास दिलाए ।

उनले अब जनता निराश हुनुपर्ने कारण नभएको बताउँदै देशमा ब्याजदर घटिरहेको र त्यसैले अब उत्पादनमूलक लगानीको आर्थिक गतिविधिमा संलग्न हुन आग्रह समेत गरे । अर्थमन्त्री महतले विद्युत उत्पादन, पर्यटन व्यवसाय र कृषि व्यावसायिकरणमा हुने लगानीले राम्रो प्रतिफल दिइरहेको बताए । ढुंगा, गिट्टी, बालुसम्बन्धी उद्योगको नवीकरणको समस्यालाई पनि सरकारले अध्ययन गरिरहेको बताउँदै महतले द्रुतमार्गलाई प्राथमिकतामा राखेर सरकारले काम गरिरहेको जानकारी दिए । महतले पार्टीको पक्षमा एकीकृत भएर उभिन कार्यकर्तालाई आग्रह गरेका छन् ।

पार्टीमा एकताभाव, सहकार्य र समर्पण सदा रहनुपर्ने र कामको आधारमा पार्टीले मूल्यांकन गर्ने विश्वास दिलाए । पछिल्लो समय सामाजिक सञ्जालको जमाना रहेको बताउँदै महतले असत्यलाई पनि सत्य सावित गर्ने सञ्जालको प्रभावमा नपर्न सचेत गराए । मिश्रित निर्वाचन प्रणालीले गर्दा एकल बहुमत कुनै पार्टीले ल्याउन नसक्दा सहमति र गठबन्धन नगरी सरकार गठन गर्न नसक्ने भएपछि कांग्रेसले बाध्यात्मक अवस्थामा गठबन्धनको सिर्जना भएको उनको भनाई थियो ।

कार्यक्रममा राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लको नेतृत्वले अर्थमन्त्री महतलाई गाँजाखेतीको बारेमा तयार पारेको प्रतिवेदन समेत बुझाएका थिए । प्रतिवेदन बुझ्दै अर्थमन्त्री महतले गाँजाखेती सम्भाव्यता अध्ययन गर्न सरकारले एउटा समिति नै निर्माण गरेको जानकारी दिँदै छिट्टै टुंगोमा पुग्ने बताए । नेपाली कांग्रेस मकवानपुर जिल्ला समितिका सभापति बुद्ध लामाको सभाध्यक्षतामा भएको प्रथम जिल्ला सम्मेलनमा बागमती प्रदेशसभा सदस्य तथा पार्टीका प्रदेश सभापति ईन्द्रबहादुर बानियाँ, नेपाली कांग्रेसका प्रवक्ता गुणराज घिमिरे, पार्टी जिल्ला पूर्वसभापति रामचन्द्र अर्याल माइकललगायतको आतिथ्यता रहेको थियो ।

### मकवानपुर कांग्रेसको मुखपत्र "चारतारा" विमोचन

नेपाली कांग्रेस मकवानपुरको मुखपत्र चारतारा मंगलबार विमोचन गरिएको छ । नेपाली कांग्रेस मकवानपुरको जिल्ला सम्मेलनको अवसर पारेर प्रकाशन सुरु गरिएको मुखपत्र चारताराको विमोचन गरिएको हो ।

मुखपत्रको विमोचन नेपाली कांग्रेसका केन्द्रीय प्रवक्ता एवम् नेपाल सरकारका अर्थमन्त्री डा. प्रकाशशरण महत, नेपाली कांग्रेस बागमती प्रदेशका सभापति ईन्द्रबहादुर बानियाँ, कांग्रेस नेता गुरुराज घिमिरे, कांग्रेस मकवानपुरका सभापति बुद्ध लामालगायत नेताहरुले गरेका हुन् । नेपाली कांग्रेस सूचना संचार तथा प्रचारप्रसार विभाग मकवानपुरद्वारा प्रकाशित मुखपत्र चारतारा मासिक रुपमा प्रकाशित हुने विभागका संयोजक शिवप्रसाद खतिवडा (राजु) ले जानकारी दिए ।

मुखपत्रको सम्पादन तथा संयोजन पोष्टराज अधिकारी 'कुमार', बिनोद चौलागाईं, मणिराज गौतम र केशव समर्पणले गरेका छन् । यस्तै पत्रिकाको ले-आउट डिजाइन उमेश विश्वकर्माले गरेका छन् । मासिकरुपमा प्रकाशित हुने मुखपत्रको संरक्षक नेपाली कांग्रेस मकवानपुर रहने र मुखपत्रमा नेपाली कांग्रेस र यसका भातृ तथा सुभेच्छुक संस्थाहरुले आयोजना गरेका विविध गतिविधि र कांग्रेसका विचारलाई जनतासम्म पुऱ्याउँने काम गर्ने संयोजक राजुले बताए ।

# खेलकुद तथा व्यापार महोत्सवको तयारी अन्तिम चरणमा

साझाकुरा संवाददाता

हेटौंडा, ३ पुस/मकवानपुरको खेल क्षेत्रको विकासको उद्देश्यसहित पुस ५ गतेबाट सञ्चालन हुने बृहत् खेलकुद तथा व्यापार महोत्सवको तयारी अन्तिम चरणमा पुगेको छ ।



खेलका लागि आवश्यक संरचना निर्माण, खेल तालिका निर्माण, महोत्सवस्थलको घेराबारा, स्टल निर्माण लगायतको कार्य धमाधम भइरहेको हो । खेलकुद महोत्सवको उद्घाटन बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलले गर्ने भएका छन् । खेलकुद महोत्सवप्रति मकवानपुरका खेलकुद संघका पदाधिकारी एवम् खेलाडी उत्साही बनेका छन् । खेलकुद विकास समितिमा आबद्ध विभिन्न संघका पदाधिकारी तथा खेलाडी महोत्सवका लागि एकजुट भएर खटिएका छन् । महोत्सव आयोजनास्थल टिसिएनचौर महोत्सवको लागि सजिएको छ ।

खेलकुद र खेलाडीको हितको लागि आयोजना हुँदै गरेको महोत्सव सफल बनाउन सबै एकजुट रहेको उनीहरुको भनाई छ । 'महोत्सवको तयारी करिब अन्तिम चरणमा पुगेको छ । ९० प्रतिशत तयारी सकिसकेको छ ।', आयोजक संस्था मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेष खड्गीले भने, 'पवित्र उद्देश्यले आयोजना गर्न लागिएको यस महोत्सवलाई सबैले सहयोग गरिरहनु भएको छ । आम जिल्लाबासीलाई महोत्सवमा उपस्थितिका लागि हार्दिक अनुरोध समेत गर्दछौं ।'

महोत्सवमा राष्ट्रिय, प्रदेश तथा स्थानीय गरी १३ वटा विभिन्न विधामा खेलकुद प्रतियोगिता हुनेछ । महिलाको राष्ट्रिय उसु प्रतियोगिता, महिलाकै राष्ट्रिय भलिबल, कबड्डीतर्फ महिला पुरुष दुवै विधाको प्रदेशस्तरीय प्रतियोगिता, कराँतेको जिल्लास्तरीय प्रतियोगिता, फुलकन्ट्याक्ट कराँतेको जिल्लास्तरीय, आर्चरीको खेल प्रदर्शन, रेस्लिङको आमन्त्रित र कुस्तीको अन्तर्राष्ट्रिय प्रदर्शन गर्ने आयोजकको तयारी छ । ब्याड्मिन्टनको खुला प्रतियोगिता, आइटीएफ तेक्वान्दो र हक्कीको प्रदेशस्तरीय प्रतियोगिता र महिलाको लागि ७ 'ए' साइड फुटबल प्रतियोगिता हुनेछ ।

सबै प्रतियोगिताको विजेता उपविजेताले नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । खेलकुद महोत्सवबाट कम्तिमा २५ लाख रुपैयाँ खेलकुद विकास समितिले बचत गर्ने लक्ष्य राखेको छ । महोत्सवबाट प्राप्त हुने रकम खेलकुद समितिमै राखेर खेल र खेलाडीको बृत्तिविकासमा लगाउने योजना रहेको छ ।

महोत्सवमा खेलकुदको स्पर्धासँगै कृषि, पर्यटन, हस्तकला, खेलकुद सामग्री, धार्मिक, सामुदायिक, स्वास्थ्य, जनचेतनामूलक, खाना खाजाका स्टल समेत रहनेछ । यस्तै बालउद्यान, राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती, खुला नृत्य प्रतियोगिता र लाइभ दोहोरी समेत आयोजना हुने आयोजकले जानकारी दिएको छ ।

# अर्थमन्त्री महतलाई मउवा संघको ज्ञापनपत्र

साझाकुरा संवाददाता

हेटौंडा, ३ पुस/अर्थमन्त्री डा. प्रकाशशरण महतलाई मकवानपुर उद्योग वाणिज्य संघले विभिन्न माग राखी ज्ञापनपत्र बुझाएको छ । मंगलबार अर्थमन्त्री डा. महतलाई माउवासंघका अध्यक्ष कृष्णकुमार गुप्तासहितको टोलीले १६ बुँदे ज्ञापनपत्र बुझाएको हो ।



नेपाली कांग्रेस मकवानपुरको जिल्ला सम्मेलनको लागि हेटौंडा आएका महतलाई मउवासंघले विभिन्न मागसहित ज्ञापनपत्र बुझाएको हो । ज्ञापनपत्रमा सरकारले एक अंकको व्याजदर कायम राख्ने राष्ट्रिय नीतिको तर्जुमा गर्नुपर्ने, औद्योगिक नगरी हेटौंडाको दोश्रो तथा वहुप्रतिक्षित औद्योगिक क्षेत्रको पूर्वाधार निर्माणको कार्य चाँडो सम्पन्न गर्नु पर्ने, थप उद्योगको स्थापनाको कार्य चालु आर्थिक वर्ष २०८०/८१ भित्र सम्पन्न गर्नुपर्ने, उद्योगमा नेपाल सरकारले न्यूनतम पारिश्रमिक निर्धारण गर्ने र उद्योगको आन्तरिक सिबिएमार्फत मजदुरले गर्ने दोहोरो मागदाबीलाई एकद्वार प्रणालीमा जानुपर्ने उल्लेख छ ।

यसैगरी कोभिड महामारी, रुस-युक्रेन युद्ध, सार्वजनिक ऋणको आकार बढ्दै जानु, औद्योगिकीकरण र लगानीको वातावरणको अभाव रहनु, वैदेशिक आयात व्यापारको बृद्धि हुँदै जानु, सरकार परिवर्तनसँगै सार्वजनिक नीतिहरुको परिवर्तन भइरहनुले आम नागरिक/उद्योगी/व्यवसायीको मनोवल उच्च नहुने बताउँदै देशको आर्थिक संकट समाधानका लागि सरकारले तत्काल कदम चल्नुपर्ने ज्ञापनपत्रमा भनिएको छ । यस्तै ऋसर व्यवसाय नवीकरण नभएकोले यथाशीघ्र नवीकरण गरी संचालन कार्यमा सहजीकरण गर्नुपर्ने, तेश्रो मुलुकबाट आयात हुने कच्चापदार्थ ढुवानीलाई नेपालस्थित सुख्खा बन्दरगाहमा नै फिर्ता हुनुपर्ने मउवासंघको माग छ ।

ज्ञापनपत्रमा उद्योगले लिजमा लिएको सरकारी जग्गामा बनाउने संरचनाहरुमा वित्तीय सुविधा दिन सम्बन्धित बैंकहरुलाई निर्देशन गर्न केन्द्रीय बैंक तथा उद्योग मन्त्रालयसँग पहल गर्नुपर्ने, हेटौंडाको राप्तीखोला पश्चिमतर्फ अवस्थित उद्योगहरु सहज वातावरणमा संचालनको लागि अलग्गै औद्योगिक फिडर कायम गर्नुपर्ने, उद्योगले प्रयोग गर्ने विद्युत लाइनमा जडित क्षमताको आधारमा लिइने डिमाण्ड शुल्क हटाउने र युनिट शुल्कमात्र लिने व्यवस्था गर्नुपर्ने, बदलिँदो आर्थिक परिवेश अनुसार नव-प्रवर्तन एवम् नव-उद्यमलाई प्रोत्साहन, प्रवर्द्धनात्मक एवम् व्यवस्थापन गर्न नेपाल सरकारले मकवानपुर उद्योग वाणिज्य संघको पनि सहभागितामा बागमती प्रदेशस्तरीय व्यापार इन्क्युबेशन केन्द्रको स्थापनाको लागि पहल गर्नुपर्ने संघको माग छ ।

वित्तीय संस्थाबाट ऋण लिँदा लगभग शून्य जोखिम भएका अनावश्यक शीर्षकअन्तर्गत पनि बीमा गर्नुपर्ने अनिवार्यताले ऋणको लागत वृद्धि भएको, राष्ट्रिय राजमार्ग बिस्तार गर्दा बिस्थापित हुने घर धनीलाई उचित क्षतिपूर्ति र मुआब्जा तथा व्यवसायीलाई वैकल्पिक योजनामार्फत सम्बोधन गर्नुपर्ने, हेटौंडामै नापतौल कार्यालय स्थापना गर्नुपर्ने र प्रदेशस्तरीय स्वास्थ्य विज्ञान कलेज तथा विश्वविद्यालय स्थापना गर्नुपर्ने माग पनि संघले राखेको छ ।

# ज्यामिरेमा बर्थिङ सेन्टर उद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, ३ पुस/आदिवासी जनजाति समुदायको बाहुल्यता रहेको हेटौंडा उपमहानगरपालिका-१९ मा महिलाको प्रजनन् स्वास्थ्यलाई ध्यान दिँदै बर्थिङ सेन्टरको उद्घाटन गरिएको छ ।

उपमहानगरपालिका भए पनि गर्भपरीक्षण सहितको सुबिधाबाट बञ्चित रहँदै आएको यस क्षेत्रका महिलाको स्वास्थ्यलाई ध्यान दिँदै हेटौंडा-१९ ज्यामिरे सहरी स्वास्थ्य केन्द्रमा बर्थिङ सेन्टरको सुरुवात गरिएको हो । सेन्टरको उपमहानगरपालिका नगरप्रमुख मीनाकुमारी लामाले उद्घाटन गरेकी हुन् । जिल्ला स्वास्थ्य कार्यालयको सहयोगमा सुत्केरी गराउँनका लागि आवश्यक सामग्री जडानपछि हेटौंडा उपमहानगरपालिका-१९ नम्बर वडा कार्यालयको आयोजनमा बर्थिङ सेन्टरको उद्घाटन गरिएको हो ।

बर्थिङ सेन्टरको उद्घाटन गर्दै नगरप्रमुख लामाले महिलामा उमेर बढ्दै गएपछि देखिने पाठेघर र स्तनसम्बन्धी समस्यालाई लुकाउने बानी तत्कालै सुधार्न आग्रह गरिन् । उनले घरपरिवार, छिमेकको डरले आफ्नो शारीरिक समस्या लुकाउने अभ्यास रहेको छ, त्यसलाई तत्काल छाड्न आग्रह गरिन् । ग्रामीणभेगमा रहेका जनताको स्वास्थ्य अवस्थालाई ध्यान दिँदै उपमहानगरले सहरी स्वास्थ्यकेन्द्र सञ्चालनमा ल्याएको भन्दै सेवा लिन सबैलाई सचेत गराइन् ।

कार्यक्रममा हेटौंडा-१९ का अध्यक्ष नरनाथ सुवेदीले बर्थिङ सेन्टरमा आएर प्रसुसति सेवालिन आग्रह गरे । यहाँका नगरवासीले प्रसुतिसेवा लिनका लागि बजारसम्म लामो दुरी यात्रा गर्नुपर्ने बाध्यतालाई रोक्नका लागि अहिले सेवा सुरु गरिएको उनले बताए । स्वास्थ्यकेन्द्रबाटै सुत्केरी गराएमा भोलि बालबालिकाको जन्मदर्तामा कुनै समस्या नपर्ने उनको भनाई थियो ।

केन्द्रमा बर्थिङ सेन्टरको सुरुवातसँगै नियमित रुपमा गर्भ परीक्षण, सुत्केरी जाँच र प्रसुतिसेवा सञ्चालन हुने सहरी स्वास्थ्यकेन्द्रका प्रमुख प्रकाश बर्तौलाले जानकारी दिए । उनले ९/१० बर्षदेखि स्वास्थ्यकेन्द्र सञ्चालन भएपनि भौगोलिक समस्या र आर्थिक अवस्था कम्जोर रहेका कारण यहाँका बासिन्दा उपचारमा न्यूनरुपमा आउने गरेको बताए । आएका बिरामीलाई केन्द्रले उपचारसेवा दिन नसक्ला हेटौंडा बजारसम्म जानका लागि सडक र भौगोलिक बिकटताका कारण करिब २ घण्टासम्म लाग्ने उनले बताए ।

बर्थिङ सेन्टर उद्घाटनको अवसरमा सहरी स्वास्थ्यकेन्द्रको संयोजन र १९ नम्बर वडा कार्यालयको आयोजनामा भएको निःशुल्क स्वास्थ्य शिबिर सञ्चालन गरिएको छ । बिशेषज्ञ डाक्टर सहित सञ्चालन गरिएको शिविरमा २२८ जनाले सेवा लिएको सहरी स्वास्थ्यकेन्द्रले जनाएको छ ।

महिला लक्षित पाठेघर, स्तन क्यानसर तथा प्रजनन् स्वास्थ्य शिविरमा १६ जनाले नयाँ र ७ जनाले पुरानो झिकेर नयाँ इन्प्लान्ट राखेको बताइएको छ । शिविरमा ११८ जना महिलाले पाठेघरको जाँच गराएका थिए । शिबिर १९ नम्बर वडाअध्यक्ष सुवेदीको अध्यक्षतामा भएको थियो ।

# १ नम्बर वडाको पञ्चलालटोल-टेकलडाँडा सडक स्ल्याब ढलान



साझाकुरा संवाददाता

हेटौंडा, ३ पुस/हेटौंडा उपमहानगरपालिका-१ को पञ्चलालटोल-टेकलडाँडा कच्ची सडक स्ल्याव ढलान गरिएको छ । हेटौंडा उपमहानगरपालिकाको १० लाख रुपैयाँ बजेटमा कच्ची सडक स्ल्याव ढलान गरिएको हो ।

नगरपालिकाको १० लाख बजेटमा उपभोक्ता समितिले १ लाख २५ हजार र जनश्रमदानबाट १ लाख २५ हजार थपेर कुल १२ लाख ५० हजारको लागतमा सडक स्ल्याव ढलान गरिएको पञ्चलाल टोल-टेकलडाँडा जोड्ने सडक स्तरीकरण उपभोक्ता समितिका अध्यक्ष पूर्णबहादुर गोलेले जानकारी दिए ।

स्ल्याव ढलान सडक निर्माणमा वडाअध्यक्ष सविन न्यौपाने, वडासदस्य इश्वेरी रसाइली, उपभोक्ता समितिका पदाधिकारी, स्थानीयको उपस्थितिमा गरिएको हो । कच्ची सडक ढलान हुने भएपछि त्यस क्षेत्रका स्थानीयले खुशी व्यक्त गरेका छन् ।




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना